फोन. ०८१-५३६३३८, ३२२४०, ५३२३३९
टोलफ्री नं. १६६० ८१ ५२०५२
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल ।**

## नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी कार्यक्रमको प्रस्तावना पेश सम्बन्धी कार्यक्षेत्रगत शर्त (TOR)

**यस उप-महानगरपालिकाले चालू आ.व. २०८१/०८२ मा स्वीकृत सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण दुवै कार्यक्रमहरु गैर सरकारी संस्था, कम्पनी वा परामर्शदाता संस्थाहरुबाट गुणस्तर र लागत विधि अपनाई सेवा प्रदायक छनौट गर्नुपर्ने भएकोले यस कार्यालयबाट मिति २०८१।०६।२१ गते प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गर्दा सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी प्रचलित कानूनमा उल्लेखित विषयवस्तुहरु समेतलाई मनन गरि प्रस्तावना पेश गर्नका लागि देहाय बमोजिम कार्यक्षेत्रगत शर्त स्वीकृत गरिएको छ ।**

**१. प्रस्तावको भाषा नेपाली हुनुपर्नेछ ।**

**२. प्रस्ताव पेश सम्बन्धी व्यवस्था :** कुनै गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुले सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण दुवै कार्यक्रमका लागि वा कुनै एक कार्यक्रम मात्र कार्यान्वयन गर्न प्रस्ताव पेश गर्न पाउनेछन् ।

**३. कार्यक्रमको पृष्ठभूमी :** प्रस्ताव माग गरेको कार्यक्रम वारेमा स्पष्ट उल्लेख गर्नुहोस् ।

**४. कार्यक्रमको उद्देश्य** :

- उप-महानगरपालिकाको काम कारबाही बारे उपमहानगरबासिहरुलाई जानकारी गराउने ।
- उप-महानगरपालिकाले प्रदान गर्ने सेवा, सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- उप-महानगरपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- उप-महानगरपालिकाले प्रदान गर्ने सेवा, सुबिधाको प्रभाबकारिताका बारेमा पृष्ठपोषण लिने ।
- गत आ.व. २०८०।०८१ मा भए गरेका कामहरुको सामाजिक, आर्थिक प्रभावका साथै वातावरणमा के कस्तो प्रभाव रहेको छ सो सम्बन्धि उप-महानगरपालिकाको सामाजिक परिक्षण गर्ने ।
- सेवाग्राहीहरुबाट आएका गुनासोको सुनुवाई गर्न सार्वजनिक सुनुवाईका माध्यमबाट साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**५. कार्यक्षेत्र :** नेपालगञ्ज उप-महानगरपालिका । उ

**६. कार्यक्रमको नाम, संचालन गर्ने विधि** : प्रचलित सुशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण सम्बन्धि प्रचलित कानूनको परिपालना गर्ने गरि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण गर्दा वस्तीस्तरमा सूचना प्रवाह, नागरिक सहभागिता, सेवाग्राहीसंगको विभिन्न विधिबाट नमूना अभिमत संकलन, बहिर्गमन मत लगायत अनुसन्धानका मापदण्डमा आधारित रहि समग्र उप-महानगरपालिकाको सुशासनको अवस्था समेतको चित्रण गर्ने परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ ।

**७. प्रस्ताव तयार गर्दा देहायका विषयमा बढीमा १० (दश) पेज भित्र समेटिने गरि पेश गर्नुपर्नेछ :**

(क) संस्थाको छोटो परिचय एक पेज मात्र (ख) संस्थागत अनुभव र क्षमता दुई पेज मात्र (ग) मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव दुई पेज (घ) सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी कार्यक्रम साथै कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता तिन पेज (ङ) कार्यालय भवन तथा भौतिक सामाग्री एक पेज (च) व्यवस्थापकिय क्षमता एक पेज ।

**पुनश्चः सार्वजनिक सुनवाई वार्षिक ३ (तिन) पटक र सामाजिक परिक्षण वार्षिक १ (एक) पटक, फरक-फरक कार्यविधिबाट कार्यान्वयन हुने भएकोले प्रस्ताव तयार गर्दा दुवै कार्यक्रमलाई स्पष्ट रुपमा परिभाषित हुने गरि तयार गर्नुपर्नेछ, जस्तै : संचालन विधि, कार्यान्वयन प्रक्रिया, जनशक्ति, कार्यान्वयन र कार्यसम्पन्न गर्ने अवधि आदि) ।**

**८. संस्थाको साझेदारी :** उप-महानगरपालिकाबाट विनियोजित बजेट अन्तर्गत् सार्वजनिक सुनुवाई कार्यक्रम रु १,५०,०००।- र उप-महानगरपालिकाको सामाजिक परिक्षण रु १,००,०००।- समेत जम्मा रु २,५०,०००।- (दुई लाख पचासहजार) को २० प्रतिशत लागत सहभागिता सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

**९. कार्य योजना :** दुवै कार्यक्रमको बेग्लाबेग्लै कार्यान्वयनका लागि विस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ ।

**१०. अनुगमन तथा मूल्याङ्कन विधी :** दुवै कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने ।

**११. प्रतिवेदन :** कार्यक्रमको प्रतिवेदन पेश गर्दा अघिल्लो कार्यक्रमको प्रतिवद्धता कार्यान्वयनको अवस्था र हाल सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवद्धता लगायतका गतिविधिहरु समेटी प्रतिवेदन पेश गर्ने वारेमा संस्थाको धारणा उल्लेख गरिएको हुनुपर्नेछ ।

**१२. प्रारम्भिक आशय छनौट**

(क) सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् । उक्त शर्त पुरा गरे बापत कुनै अङ्क पाईने छैन र यस्तो शर्त पुरा नगरेका प्रस्तावहरु प्रारम्भिक चरणबाटै बाहिरिने छन् ।

**१३. प्राविधिक तथा आर्थिक प्रस्ताव :** प्रस्तावको ढाँचा आफुखुशी प्रयोग गर्न सकिनेछ । प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुनः अर्को एक खाममा राखि शिलबन्दी खाम सहित तयार गरि पेश गर्नुपर्नेछ । प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरि प्रमाणितका साथै संस्थाको छाप समेत लगाएको हुनुपर्नेछ ।

**१४. प्रस्ताव मूल्याङ्कन गर्ने तरिका :**

पेश भएका प्रस्तावहरुको  मूल्याङ्कन गुणस्तर र लागत विधि अनुसार गरिनेछ । प्रस्तावनाको कूल अङ्कभार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको कूल अङ्कभार ८० र प्राप्ताङ्क न्यूनतम ४० प्रतिशत हुनेछ । न्यूनतम अङ्क प्राप्त गर्ने परामर्शदाता संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिनेछ र आर्थिक प्रस्तावको कूल अङ्कभार २० कायम गरिएको छ । दुवै प्रस्तावमा उच्चतम अङ्क प्राप्त गर्ने सेवा प्रदायक संस्थालाई छनौट गरिनेछ ।

क) सार्वजनिक सुनवाई र सामाजिक परीक्षणका लागि उप-महानगरपालिकाद्धारा विनियोजित कूल बजेटको २० प्रतिशत रकम सम्बन्धित गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाको लागत साझेदारी हुने गरि प्रस्ताव सहित पेश गरेको हुनुपर्नेछ ।

ख) खर्चको सार्वजनिकीकरण, पारदर्शिता, सार्वजनिक परीक्षण गर्ने विधि लगायतका विषयहरु समेत उल्लेख हुनुपर्नेछ ।

**१५. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक आशयका लागि अनिवार्य भएकोले उक्त शर्तहरु पुरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पुरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्चः** *छनौटमा नपरेका गैर सरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।*

***१६. प्रस्ताव स्वीकृत, अस्वीकृत वा रद्ध सम्बन्धी जुनसुकै निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा अन्तरनिहित रहनेछ । यसमा उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ ।***

**समाप्त ।**